मुख्य समाचार।

- विकसित भारतको आधार बलियो बन्दै गएको प्रधानमन्त्रीले बताउनु भयो
- श्री नरेन्द्र मोदीले एघाह्र लाख लखपति दीदीहरूलाई सुम्पिनुभयो प्रमाण-पत्र
- केरल राज्य चलचित्र अकादमीका अध्यक्षले दिनुभयो राजीनामा
- सरकारी कर्मचारीहरूले एककृत पेन्शन योजनालाई स्वीकृती दिने निर्णयलाई गरे स्वागत
- टेलीग्रामका संस्थापक अनि सी.ई.ओ श्री Pavel Durov - गिरफ्तार।

**पीएम-मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभयो, देशका युवाहरूलाई अन्तरिक्ष क्षेत्रमा भएको सुधारले धेरै फाइदा भएको छ। आज आकाशवाणीमा मन की बात कार्यक्रमबाट राष्ट्रलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो देशमा धेरै कुरा यस्तो भएको छ जसले विकसित भारतको आधार बलियो बन्दैछ। उहाँले भन्नुभयो, यस महीनाको तेइस तारीख देशवासीले पहिलो राष्ट्रीय अन्तरिक्ष दिवस अनि चन्द्रयान-तीनको सफलताको उत्सव मनाए। प्रधानमन्त्रीले भन्नुभयो, पछिलो वर्ष आज कै दिन चन्द्रयान-तीनले चन्द्रमाको दक्षिणी

ध्रुवमा शिव शक्ति बिन्दुमा सफलतापूर्वक अवतरण गरेको थियो। उहाँले भन्नुभयो, यो उपलब्धी गर्ने भारत विश्वको पहिलो देश बनेको छ । श्री मोदीले Space tech Start-Up GalaxEye का सदस्यसित पनि बातचीत गर्नुभयो। यस startup लाई **आई.आई.टी** मद्रासका पूर्व छात्रहरूले शुरू गरेका थिए। प्रधानमन्त्रीले भन्नुभयो, space eco-system धेरै जीवन्त हुँदैछ। श्री मोदीले भन्नुभयो,यस वर्ष लाल किल्लाबाट उहाँले गैर राजनीतिक पृष्ठभूमि भएका एक लाख युवाहरूसंग राजनीतिक व्यवस्थामा जोडिने आह्वान गर्नुभएको थियो।

**पीएम-महाराष्ट्र राजस्थान**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज महाराष्ट्रको जलगाउँमा एउटा समारोहमा एघाह्र लाख नयाँ लखपति दीदीहरूलाई प्रमाण-पत्र वितरण गर्नुभयो। प्रधानमन्त्रीले लखपति दीदीहरूलाई सम्मानित पनि गर्नुभयो अनि कामकाज बारे बातचीत गर्नुभयो। यी लखपति दीदीहरूले प्रतिवर्ष एक लाख रूपियाँ भन्दा अधिकको कमाई गरिरहेका छन् अनि देशमा यिनीहरूको संख्या एक करोड भन्दा धेरै छ। **एन.डी.ए** सरकारको तेस्रो कार्यकालमा अहिले एघाह्र

लाख नयाँ लखपति दीदीहरू बनेका छन्। कार्यक्रममा प्रधानमन्त्रीले सामुदायिक निवेशका लागि ढाई हजार करोड रूपियाँ पनि जारी गर्नुभयो। यसले चार लाख तीस हजार स्वयं सहायता समूहका लगभग  अठचालिस लाख सदस्यलाई लाभ हुने आशा छ । प्रधानमन्त्रीले पाँच हजार करोड रूपियाँको बैंक ऋण पनि जारी गर्नुभयो जसले  दुई  लाख  पैंतीस  हजार चार सय स्वयं सहायता समूहका पचीस लाख अस्सी हजार सदस्यलाई लाभ हुनेछ।

**केरल-राजीनामा**

केरलमा, चर्चित फिल्म निर्देशक अनि केरल राज्य फिल्म अकादमीका अध्यक्ष श्री रन्जीत बालकृष्णन्-ले राजीनामा दिनुभएको छ। उहाँले  आज बिहान राज्य सरकारलाई आफ्नो राजीनामा सुम्पिनुभयो । श्री रन्जीतले आफ्नो त्यागपत्र बंगाली अभिनेत्री सुश्री श्रीलेखा मित्राको आरोप पछि दिनुभएको हो । सुश्री मित्राले समाचार च्यानलमा भन्नुभएको थियो, दुई हजार नौं-मा एउटा फिल्म बारे भएको चर्चामा जब उहाँको भेट श्री रन्जीतसंग भएको थियो तब उहाँले सुश्री लेखालाई गलत तरीकाले स्पर्श गर्नुभएको थियो।

यो राजीनामा न्यायमूर्ती  हेमा समितीको रिपोर्टको संशोधीत संस्करण जारी

भएपछि दिनुभएको हो । यो रिपोर्ट पछिलो हप्ता सार्वजनिक भएको थियो । एउटा अन्य घटनाक्रममा **मलयालम मूभी आर्टीस्ट एशोसीएशन** –का महासचिव अनि अभिनेता श्री सिद्दीकले पनि एउटी महिला कलाकारको दुष्कर्मको आरोप पछि आफ्नो पदबाट राजीनामा दिएको जानकारी प्राप्त भएको छ।

**मन्त्रीमण्डल**

सरकारी कर्मचारीहरूले एककृत पेन्शन योजनालाई स्वीकृती दिने केन्द्रीय मन्त्रीमण्डलको निर्णयलाई स्वागत गरे जसमा पेन्शनको ग्यारन्टी दिइएको छ। कर्मचारीहरूले यस मुद्दामा भेटघाटको अवसर दिनुभएकोमा पनि प्रधानमन्त्रीलाई धन्यवाद दिए । सरकारी कर्मी संगठनका संयुक्त सचिव श्री शिव गोपाल मिश्रले प्रधानमन्त्रीले उहाँलाई भेटघाटका लागि आमन्त्रित गर्नुभएको पनि बताउनुभयो। श्री मिश्रले भन्नुभयो, प्रधानमन्त्रीले संगठनलाई आमन्त्रित गर्नुभएको यो पहिलो अवसर थियो। केन्द्रीय मन्त्रीमण्डलले हिजो सरकारी कर्मचारीका लागि एककृत पेन्शन योजनालाई स्वीकृती दिएको छ । सूचना अनि प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले मन्त्रीमण्डलको बैठक पछि

हिजो  नयाँ दिल्लीमा बताउनुभयो की यस योजनामा, न्यूनतम पचीस वर्षको सेवा पूरा गर्ने कर्मीलाई अन्तीमको बाह्र महीनाको मूल वेतनको औसत पचास प्रतिशत राशी पेन्शनका रूपमा  दिइनेछ। यस अतिरिक्त, कर्मचारीको देहान्त पछि परिवार पेन्शन साठ्ठी प्रतिशत गरिनेछ। न्यूनतम दस वर्षको नोकरी पछि सेवानिवृत्त हुँदा दस हजार रूपियाँ पेन्शनको ग्यारन्टी हुनेछ।

**माण्डविया खेल दिवस**

केन्द्रीय युवा मामिला अनि खेल मन्त्री डा. मनसुख माण्डवियाले नागरिकहरूलाई यस महीनाको उनतीस तारीख राष्ट्रीय खेल दिवसको अवसरमा एक घण्टाका लागि कुनै पनि आउटडोर खेलमा भाग लिने आग्रह गर्नुभएको छ। सोशल मीडिया पोस्टमा डा. माण्डवियाले भन्नुभएको छ, आउटडोर खेलहरूमा मानिसको भागीदारीले Fit India Movement- लाई अघि  बढ़ाउनेछ। उहाँले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीको 'खेलेगा इण्डिया, तभी तो खिलेगा इण्डिया' को दृष्टिकोणले देशलाई खेल प्रति मार्गदर्शन दिनेछ।

**इजरायल-आपातकाल**

इजरायलका रक्षा मन्त्री श्री **योव ग्यालेन्टले** आज बिहान देशमा अठचालीस घण्टाका लागि आपत स्थितिको घोषणा गर्नुभयो। इजरायली सेनाको लेबनानमा हिज्बुल्लाहका विरूद्ध हमला शुरू गरेपछि यो घोषणा गरिएको हो । आपत स्थिति भारतीय समयका अनुसार बिहान साढे आठ बजीदेखी शुरूभएको छ। यसको उद्देश्य इजरायली रक्षा बललाई महत्वपूर्ण निर्देश लागू गर्नका लागि सशक्त बनाउनु हो । यसमा मानिसलाई एकत्रित हुनमा प्रतिबन्ध लगाउनु र संवदेनशील स्थान बन्द गर्नु समावेश छ। इजरायल र हिज्बुल्लाहका बीच बढ्दो संघर्षलाई हेर्दै आपत स्थिति लगाउने निर्णय लिइएको हो । यसै बीच, हिज्बुल्लाह-ले उत्तरी इजरायलमा तीन सय अधिक रकेट लक्षित गर्ने अनि विस्फोटक सामग्रीले युक्त केही ड्रोन छोड्ने दाबी गरेको छ।

**जितेन्द्र -अमेरिका भेटघाट**

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले नयाँ दिल्लीमा अमेरिका-भारत नागरिक परमाणु वाणिज्य सहयोगमा एउटा द्विपक्षीय बैठकको अध्यक्षता गर्नुभयो।

विज्ञान अनि प्रौद्योगिकी मन्त्रालयले भनेको छ , बैठकमा विज्ञान, प्रौद्योगिकी अनि स्वच्छ ऊर्जा सहित महत्वपूर्ण क्षेत्रमा दुबै देश बीच बढ्दो सहयोगबारे चर्चा भयो । बैठकमा, डा. सिंहले घोषणा गर्नुभयो की **गगनयान मिशनबाट** एकजना भारतीय अन्तरिक्ष यात्री अन्तर्राष्ट्रीय अन्तरिक्ष स्टेशनमा शामेल हुन तयार छन् , जो भारत-अमेरिका अन्तरिक्ष सहयोगमा महत्वपूर्ण माइलखुट्टी हो। उहाँले वैश्विक आपूर्ति श्रृंखलालाई  सुरक्षित गर्नमा यस साझेदारीको महत्वमा जोड दिनुभयो। यसमा विशेष रूपले **Semi conductor, pharmaceuticals** अनि स्वच्छ ऊर्जा प्रौद्योगिकी जस्ता  क्षेत्र शामेल छन्। डा. सिंहले भारी उद्योग, परिवहन अनि बिजुली उत्पादनलाई **decarbonise** गर्ने देशको रणनीतिको आधारशिलाका रूपमा **green hydrogen mission**-लाई रेखाङ्कित गर्नुभयो।

**टेलीग्राम का सीईओ गिरफ्तार**

लोकप्रिय म्यासेजिङ एप्लीकेशन टेलीग्रामका संस्थापक अनि सी.ई.ओ श्री Pavel Durov -लाई हिजो पेरिस बाहिर **बार्गेट हवाई अड्डामा** गिरफ्तार गरिएको छ । फ्रान्सेली अधिकारीले भनेका छन् कि durov-लाई गिरफ्तारी टेलीग्राम प्लेटफर्म संग जोड़ीएको  अपराधसंग संबन्धीत वारेन्ट अन्तर्गत गरिएको थियो। जाँच टेलीग्राममा माडरेटरको कमीमा केन्द्रित थियो  जसले

आपराधिक गतिविधीको अनुमति दिनथ्यो । गिरफ्तारी पछि फ्रान्समा रूसी दूतावासद्वारा स्थिति बारे अन्य जानकारी एककृत गर्नका लागि तत्काल पहल शुरू गरिएको छ।

मुख्य समाचार फेरी एकपल्ट।

- विकसित भारतको आधार बलियो बन्दै गएको प्रधानमन्त्रीले बताउनु भयो
- श्री नरेन्द्र मोदीले एघाह्र लाख लखपति दीदीहरूलाई सुम्पिनुभयो प्रमाण-पत्र
- केरल राज्य चलचित्र अकादमीका अध्यक्षले दिनुभयो राजीनामा
- सरकारी कर्मचारीहरूले एककृत पेन्शन योजनालाई स्वीकृती दिने निर्णयलाई गरे स्वागत
- टेलीग्रामका संस्थापक अनि सी.ई.ओ श्री Pavel Durov - गिरफ्तार ।